Soaltee Hotel Limited

आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित

अनुसूची – १४

सोल्टी होटल लिमिटेडको २०८३ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

१. वित्तीय विवरण

कम्पनीको नेपाल लेखामानको आधारमा लेखांकन गरिएको आर्थिक वर्ष २०८२/८३ को **२०८३ आषाढ ३२** मा अन्त्य भएको चौथो त्रैमासिक अवधिका आर्थिक विवरण तथा प्रमुख वित्तीय अनुपातहरु निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिको वासलात, र नाफा नोक्सान सम्बन्धी विवरण :–

(१) कम्पनीको आर्थिक वर्ष २०८२/८३ को **२०८३ आषाढ ३२** मा अन्त्य भएको चौथो त्रैमासिक अवधिको वैधानिक लेखापरिक्षण हुनु पूर्वको तुलनात्मक वित्तीय विवरणहरु **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

(२) चौथो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यावसायीक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) आर्थिक वर्ष २०८२/८३ को २०८३ आषाढ ३२ मा अन्त्य भएको चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तीय विवरणका प्रमुख वित्तीय अनुपातहरु निम्न अनुसार रहेका छन्:–

विवरण	चौथो त्रैमासिक अवधिको अन्त्यमा (२०८३ आषाढ ३२) (लेखापरीक्षण नभएको)	अघिल्लो (तेश्रो) त्रैमासिक अवधिको अन्त्यमा (२०८२ चैत्र ३०) (लेखापरीक्षण नभएको)	गत वर्षको चौथो त्रैमासिक अवधिको अन्त्यमा (२०८२ आषाढ ३२) (लेखापरीक्षण भएको)
प्रमुख वित्तीय सूचांकहरु:			
ऋण पूँजिको अनुपात	०.०१	०.०१	०.०२
शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल	०.२३	०.१८	०.२४
प्रति शेयर आम्दानी (रु.)	६.४८	४.६९	६.३९
प्रति शेयर नेटवर्थ (रु.)	२८.५२	२६.७३	२७.०१
प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.)	३३.९७	३२.६७	३६.३७
प्रति शेयर बजार मूल्य (रु. १० प्रति शेयर) (रु.)	४८९.५०	५०८.००	५७७.५८
प्राईस अर्निङ्ग रेसियो (टाईम्स)	७५.५८	१०८.४०	९०.३५
चालु अनुपात	१.८०	१.५०	०.८१

२. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक समीक्षा अवधि (वैशाख, ज्येष्ठ र आषाढ) मा नेपालको पर्यटन क्षेत्र समग्र रूपमा उत्साहजनक तथा सकारात्मक रहेको छ । नेपाल पर्यटन बोर्डको उपलब्ध तथ्याङ्क अनुसार यस अवधिमा हवाईमार्गबाट नेपाल आउने विदेशी पर्यटकको आगमनमा संख्या गत वर्षको सोही अवधीको तुलनात्मक रूपमा करिब ११ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिमा मात्रै लगभग २ लाख ८४ हजार विदेशी पर्यटकहरूले हवाईमार्गबाट नेपाल भ्रमण गरेका छन् । यसैगरी, आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म हवाईमार्गबाट नेपाल आगमन गर्ने विदेशी पर्यटकहरूको कुल संख्या लगभग ११ लाख ६६ हजार पुगेको छ ।

समीक्षा अवधिमा सांस्कृतिक, धार्मिक, मनोरञ्जनात्मक तथा पर्वतीय पर्यटन गन्तव्यहरूमा पर्यटकको आकर्षण उल्लेखनीय रूपमा वृद्धि भएको छ । साथै, ट्रेकिङ, पर्वतारोहण तथा अन्य साहसिक पर्यटन सम्बन्धी गतिविधिहरूमा समेत सकारात्मक विस्तार देखिएको छ । समग्रमा, आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म नेपालमा विदेशी पर्यटक आगमन गत आर्थिक वर्षको तुलनामा करिब २ प्रतिशतले वृद्धि भएको तथ्याङ्ले देखाएको छ । उक्त अवस्थाले नेपालको पर्यटन क्षेत्र क्रमशः सुदृढ बन्दै गएको, पर्यटन सम्बन्धी आर्थिक गतिविधिहरू विस्तार हुँदै गएको तथा पर्यटक आगमनमा दिगो र क्रमिक वृद्धि भइरहेको संकेत गर्दछ ।

आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक समीक्षा अवधिको अन्त्यसम्म कम्पनीको होटेलको पर्यटकीय तथा व्यावसायिक गतिविधि एवं सञ्चालन कार्यसम्पादन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा लगभग १२.४९ प्रतिशतले वृद्धि भएको छ ।

नेपालमा गत वर्षको भदौ महिनामा भएको जेनजी आन्दोलन, त्यसपश्चात् सम्पन्न आम निर्वाचन, मध्यपूर्वमा उत्पन्न द्वन्द्वका कारण अन्तर्राष्ट्रिय यात्रा तथा पर्यटन क्षेत्रमा परेको प्रभाव, तथा पेट्रोलियम इन्धन आपूर्तिमा देखिएको संकटबाट सिर्जित चुनौतीपूर्ण व्यावसायिक प्रतिकूल परिस्थितिहरुका बावजुद कम्पनीले कार्यसम्पादनमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि हासिल गरेको छ ।

समीक्षा अवधिमा पर्यटन उद्योगमा देखिएको तीव्र पुनरुत्थान सँगै समग्र पर्यटन क्षेत्र सकारात्मक सुधारको दिशातर्फ अग्रसर रहेको छ । आन्तरिक पर्यटनमा भएको उल्लेखनीय विस्तार, हिमाली तथा पदयात्रा गन्तव्यहरूमा विदेशी पर्यटकको क्रमिक आगमन, अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडानहरूको संख्या वृद्धि, तथा काठमाडौं, पोखरा, लुम्बिनी, चितवन र जोमसोम लगायत प्रमुख पर्यटकीय गन्तव्यहरूमा अवस्थित होटलहरूको अकुपेन्सी दरमा भएको उल्लेखनीय सुधारका कारण नेपालको समग्र पर्यटन व्यवसायले अपेक्षाकृत तीव्र गतिमा पुनरुत्थान हासिल गरेको छ ।

कम्पनीले सेवा गुणस्तर अभिवृद्धि, ग्राहक सन्तुष्टि, सञ्चालन दक्षता तथा बजार विस्तारलाई उच्च प्राथमिकतामा राखी आफ्ना व्यावसायिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ । पर्यटन क्षेत्रको निरन्तर सुधार, पर्यटन बजारमा देखिएको सकारात्मक प्रवृत्ति तथा समग्र व्यावसायिक वातावरणमा आएको क्रमिक सुदृढीकरणलाई दृष्टिगत गर्दा कम्पनीको व्यावसायिक कार्यसम्पादन, आम्दानी तथा समग्र वित्तीय अवस्था आगामी अवधिहरूमा थप सुदृढ हुने अपेक्षा गरिएको छ । साथै, कम्पनीले व्यावसायिक दक्षता अभिवृद्धि, लागत व्यवस्थापन, सेवा गुणस्तरमा निरन्तर सुधार तथा दिगो व्यावसायिक वृद्धिका लागि आवश्यक रणनीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जाने नीति अवलम्बन गरेको छ ।

संयुक्त राष्ट्रसंघ पर्यटन संगठनका अनुसार विश्व पर्यटन क्षेत्रमा पर्यटनको माग सुदृढ देखिए पनि भू-राजनीतिक तनाव, मध्यपूर्वको द्वन्द्व, उच्च हवाई भाडा, आवास खर्च तथा विश्व आर्थिक अनिश्चितता जस्ता चुनौतीहरू अझै कायम रहेका छन । तथापी, सन् २०२६ को पहिलो त्रैमासिक अवधिमा विश्वव्यापी अन्तर्राष्ट्रिय पर्यटक आगमन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २ प्रतिशतले वृद्धि भएको छ । यो तथ्यांकले विश्व पर्यटन क्षेत्रको निरन्तर पुनरुत्थानको संकेत देखाएको छ । विशेष गरी अफ्रिका, एशिया-प्रशान्त र युरोपका गन्तव्यहरु तथा एयरलाइन्सहरूले यात्रु प्रवाहमा उल्लेखनीय वृद्धि हासिल गरेका छन् ।

नेपालको सन्दर्भमा, विश्व पर्यटन बजारमा देखिएको सकारात्मक प्रवृत्तिले नेपाललाई पनि लाभ पुगेको छ । नेपाल प्राकृतिक सौन्दर्य, हिमाल, साहसिक पर्यटन, धार्मिक तथा सांस्कृतिक सम्पदाका कारण अन्तर्राष्ट्रिय पर्यटकहरूको आकर्षक गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । एशिया-प्रशान्त क्षेत्रमा पर्यटन गतिविधिहरु विस्तार हुँदै जाँदा नेपालमा विदेशी पर्यटक आगमन, होटल तथा हवाई सेवाको उपयोग र पर्यटनसम्बद्ध आर्थिक गतिविधिहरूमा सकारात्मक प्रभाव परेको छ ।

यद्यपि, अन्तर्राष्ट्रिय स्तरमा बढ्दो यात्रा खर्च, हवाई यातायातको सीमित क्षमता, क्षेत्रीय द्वन्द्व तथा विश्व आर्थिक सुस्तताले नेपालको पर्यटन क्षेत्रमा समेत अप्रत्यक्ष प्रभाव पार्न सक्ने सम्भावना रहेको छ । नेपालले पर्यटन पूर्वाधार सुदृढीकरण, हवाई सम्पर्क विस्तार, सेवा गुणस्तर अभिवृद्धि तथा दिगो पर्यटन प्रवर्द्धन मार्फत नेपालले विश्व पर्यटन बजारबाट थप लाभ लिन सक्ने अवस्था देखिन्छ ।

समग्रमा, अन्तर्राष्ट्रिय पर्यटन क्षेत्र विस्तारको चरणमा रहेको भएतापनि विश्वव्यापी चुनौतीहरूलाई ध्यानमा राख्दै नेपालले आफ्नो प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी पर्यटन क्षेत्रलाई आर्थिक वृद्धिको महत्वपूर्ण आधारका रूपमा विकास गर्ने अवसर रहेको छ । विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय पर्यटन यात्राका लागि प्रमुख पर्यटन गन्तव्यहरू प्रति उच्च माग रहँदै आएको परिप्रेक्ष्यमा, ठूला अर्थतन्त्र भएका मुलुकहरूबाट विश्वका विभिन्न आकर्षक पर्यटन गन्तव्यतर्फ पर्यटक आगन्तुकहरूको यात्रामा वृद्धि देखिएको छ । यस प्रवृत्तिले विश्व पर्यटन बजार पुनः गतिशील बन्दै गएको छ ।

क्षेत्रीय परिदृश्यको सन्दर्भमा भारत, चीन तथा दक्षिण-पूर्वी एशियाली मुलुकहरूबाट बढ्दो क्षेत्रीय पर्यटक आवागमनले नेपालको पर्यटन वृद्धिलाई थप टेवा पुग्ने अपेक्षा गरिएको छ । भौगोलिक निकटता, सांस्कृतिक सामीप्यता तथा हवाई तथा स्थल यातायातको क्रमिक सुधारका कारण यी मुलुकहरू नेपालका प्रमुख श्रोत बजारका रूपमा सुदृढ बन्दै गएका छन् ।

पर्यटन क्षेत्रको भावी परिदृश्य विश्लेषण गर्दा, विश्वस्तरमा अन्तर्राष्ट्रिय पर्यटक आगमन तथा पर्यटकीय गतिविधिहरू निरन्तर वृद्धिको क्रममा रहेको देखिन्छ । आगामी वर्षहरूमा विशेषतः एशिया तथा प्रशान्त क्षेत्रका पर्यटन गन्तव्य बजारहरूमा पर्यटन मागमा तीव्र वृद्धि हुने आँकलन गरिएको छ, जसले यस क्षेत्रलाई विश्व पर्यटनको प्रमुख केन्द्रका रूपमा थप स्थापित गर्ने संकेत गर्दछ । कम्पनी अन्तर्गत सञ्चालनमा रहेको पाँचतारे डिलक्स लक्जरी होटल **'दी सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सन'** तथा अन्तर्राष्ट्रिय स्तरका वायुसेवा प्रदायकहरूलाई ईन्फ्लाइट क्याटरिङ सेवा प्रदान गर्दै आएको **'दी सोल्टी गेट गुरमेट'** को व्यावसायीक गतिविधिहरू निरन्तर, व्यवस्थित र सुदृढ रूपमा सञ्चालन भइरहेका छन् ।

(ख) आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक समीक्षा अवधिको अन्त्य (२०८३ साल असार मसान्त) सम्मका लेखापरीक्षण नभएका अपरिष्कृत वित्तीय विवरणहरू अनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा कम्पनीको खुद मुनाफामा १६.५१ प्रतिशतले वृद्धि भएको छ ।

समीक्षा अवधिका वित्तीय विवरण तथा कार्यसम्पादन सूचकाङ्कहरूको विश्लेषणबाट कम्पनीको समग्र व्यावसायिक प्रदर्शनमा सकारात्मक अभिवृद्धि देखिएको छ । साथै, कम्पनीका व्यावसायिक गतिविधिहरू तथा समग्र कार्यसम्पादन सन्तोषजनक रहेको छ । समीक्षा अवधिको चौथो त्रैमासिकमा कम्पनीको समग्र कार्यसम्पादन तथा होटल सञ्चालन एवं व्यवस्थापन सम्बन्धी गतिविधिहरू स्वीकृत व्यावसायिक रणनीतिक कार्ययोजना अनुरूप योजनाबद्ध, प्रभावकारी र कुशल ढंगले सञ्चालन तथा व्यवस्थापन गरि एका छन् । समीक्षा अवधिभर विद्यमान चुनौतीपूर्ण तथा प्रतिकूल व्यावसायिक परिस्थितिहरूका बीच पनि कम्पनी व्यवस्थापनले दूरदृष्टि, दृढ नेतृत्व, उच्च व्यवस्थापकीय दक्षता, कार्यकुशलता र व्यावसायिक प्रतिबद्धता प्रदर्शन गर्दै संस्थागत उद्देश्यहरू प्राप्त गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको छ ।

यस अवधिमा कम्पनीले व्यावसायिक दक्षता, कार्यकुशलता, जोखिम व्यवस्थापन तथा स्रोत-साधनको प्रभावकारी परिचालन मार्फत सबल व्यवस्थापन संस्कारलाई निरन्तरता दिएको छ । कम्पनीको उच्च व्यवस्थापनको सक्षम नेतृत्व, सञ्चालक समितिबाट प्राप्त मार्गदर्शन तथा सम्पूर्ण कर्मचारीहरूको समर्पण, अनुशासन, सहकार्य र व्यावसायिक परिपक्वताका कारण व्यवस्थापकीय कार्यसम्पादनमा निरन्तरता, स्थायित्व र प्रभावकारिता कायम रहन सकेको छ ।

समीक्षा चौथो त्रैमासिक अवधिमा कम्पनीले खर्च व्यवस्थापनतर्फ विशेष ध्यान केन्द्रित गर्दै मितव्ययिताको नीति अवलम्बन गरेको छ । आवश्यकता भन्दा बाहिरका तथा तत्काल प्राथमिकतामा नरहेका खर्चहरूमा नियन्त्रण र कटौती गरी उपलब्ध स्रोतहरूको अधिकतम उपयोग सुनिश्चित गरिएको छ । साथै, आन्तरिक तथा अन्तर्राष्ट्रिय बजार व्यवस्थापनलाई थप सुदृढ बनाउने उद्देश्यले बजार प्रवर्द्धन, ग्राहक सम्बन्ध व्यवस्थापन, सेवा गुणस्तर अभिवृद्धि तथा सञ्चालन प्रक्रियामा सुधारका विभिन्न पहलहरू कार्यान्वयन गरिएका छन् ।

आथितथ्यता व्यवस्थापनका सबै आयामहरूलाई थप चुस्त, व्यवस्थित, उत्तरदायी तथा नतिजामुखी बनाउने दिशामा आवश्यक सुधारात्मक तथा संस्थागत सुदृढीकरणका कार्यहरू निरन्तर रूपमा अघि बढाइएका छन् । यस्ता सुधारात्मक प्रयासहरूले कम्पनीको दीर्घकालीन प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नँका साथै व्यावसायिक दिगोपनालाई समेत सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

कम्पनी आगामी दिनहरूमा पनि होटल सञ्चालन तथा व्यवस्थापन सँग सम्बन्धित आवश्यक रणनीतिक, व्यवस्थापकीय तथा व्यावसायिक गतिविधिहरूलाई निरन्तरता दिँदै सेवा गुणस्तर, ग्राहक सन्तुष्टि, वित्तीय सुदृढता तथा संस्थागत सुशासनलाई थप सुदृढ बनाउन प्रतिबद्ध रहेको छ ।

(ग) कम्पनीको प्रभावकारी व्यवस्थापकीय कार्यकुशलता, प्रतिकूल व्यावसायिक परिस्थितिहरूमा समेत नतिजामुखी रूपमा कार्य गर्न सक्ने रणनीतिक क्षमता तथा स्रोत-साधनको दक्ष परिचालनका कारण समीक्षा अवधिसम्म कम्पनीको मौज्दात, कार्यशील पूँजी तथा तरलताको अवस्था सुदृढ र सन्तोषजनक रहेको छ । वित्तीय अनुशासन, खर्च नियन्त्रण तथा नगद प्रवाह व्यवस्थापनमा अवलम्बन गरिएका नीतिहरूका कारण कम्पनीले आफ्नो सञ्चालन क्षमता तथा वित्तीय स्थायित्व कायम राख्न सफलता प्राप्त गरेको छ ।

(घ) विश्व पर्यटन गतिविधिहरूमा देखिएको क्रमिक सुधार, अन्तर्राष्ट्रिय पर्यटक आगमनमा वृद्धि तथा विभिन्न अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकहरूले नेपाल केन्द्रित नियमित हवाई उडानहरू सञ्चालन गरिरहेकाले नेपालको पर्यटन तथा आतिथ्य क्षेत्र आगामी अवधिमा थप सकारात्मक बन्ने अपेक्षा गरिएको छ । यस परिप्रेक्ष्यमा कम्पनीले आफ्नो बजार हिस्सा विस्तार गर्दै व्यावसायिक अवसरहरूको अधिकतम उपयोग गर्ने रणनीति अवलम्बन गर्नेछ ।

कूल आय अभिवृद्धिको उद्देश्य हासिल गर्न कम्पनीले उपलब्ध व्यावसायिक तथा रणनीतिक संयन्त्रहरूको प्रभावकारी परिचालन गर्नेछ । यस अन्तर्गत होटलको अकुपेन्सी दर वृद्धि, ग्राहक आकर्षण तथा पुनरागमन दर बढाउने कार्यक्रम, डिजिटल मार्केटिङ्ग तथा अत्याधुनिक सूचना प्रविधिको व्यापक उपयोग, सेवा गुणस्तर अभिवृद्धि तथा ग्राहक सन्तुष्टि वृद्धिका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ । साथै, सञ्चालन लागतलाई नियन्त्रणमा राख्दै मितव्ययिताको नीतिलाई निरन्तरता दिइनेछ । अनावश्यक खर्च न्यूनीकरण, स्रोतहरूको अधिकतम उपयोग तथा लागत प्रभावकारी व्यवस्थापनमार्फत कम्पनीको नाफामूलकता अभिवृद्धि गर्ने प्रयास गरिनेछ । विभिन्न अन्तर्राष्ट्रिय तथा आन्तरिक पर्यटन बजार खण्डहरूलाई लक्षित गरी तयार गरिएका बजार प्रवर्द्धन रणनीतिहरू कार्यान्वयन गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने तथा होटलका व्यावसायिक गतिविधिहरूलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

(ङ) समीक्षा अवधिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकहरूको नियमित हवाई उडान सञ्चालन, पर्यटकीय गतिविधिहरूको निरन्तरता तथा प्रीतिभोज, विवाह समारोह (बैंक्वेट) लगायतका कार्यक्रमहरूको नियमित सञ्चालनबाट होटल व्यवसायमा सकारात्मक प्रभाव परेको छ । आगामी आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिमा पनि पर्यटन गतिविधिहरू थप विस्तार हुने अपेक्षा गरिएको छ । कम्पनीले अन्तर्राष्ट्रिय तथा आन्तरिक पर्यटन बजारका विभिन्न ग्राहक समूहहरू सम्म आफ्नो पहुँच विस्तार गर्ने, रणनीतिक साझेदारी सुदृढ गर्ने तथा होटलका सेवा तथा सुविधाहरूको प्रभावकारी प्रवर्द्धन गर्ने योजना लिएको छ ।

समीक्षा अवधिमा अवलम्बन गरिएको उच्चस्तरीय व्यवस्थापकीय कार्यकुशलता, वित्तीय अनुशासन तथा मितव्ययिताको नीतिलाई आगामी अवधिमा समेत निरन्तरता दिइनेछ । साथै, सम्भावित व्यावसायिक जोखिम तथा प्रतिकूल आर्थिक प्रभावहरूको न्यूनीकरणका लागि थप प्रभावकारी व्यवस्थापकीय रणनीतिहरू कार्यान्वयन गरिनेछन् ।

कम्पनीले सूक्ष्म व्यवस्थापन तथा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली मार्फत होटल सञ्चालन तथा व्यवस्थापनलाई अझ चुस्त, पारदर्शी, उत्तरदायी र नतिजामुखी बनाउने नीति अवलम्बन गर्नेछ । स्थापित व्यावसायिक नीति तथा रणनीतिहरूलाई निरन्तरता दिँदै होटलको आम्दानी अभिवृद्धि गर्ने, खर्च व्यवस्थापनमा मितव्ययिता कायम गर्ने, सेवा गुणस्तरलाई थप सुदृढ बनाउने तथा ग्राहक सन्तुष्टि वृद्धि गर्ने दिशामा सम्पूर्ण व्यवस्थापकीय प्रयास केन्द्रित गरिनेछ ।

समग्रमा, कम्पनी दिगो व्यावसायिक वृद्धि, वित्तीय सुदृढता, सेवा उत्कृष्टता तथा संस्थागत सुशासनलाई सुदृढ बनाउँदै आतिथ्य व्यवसायलाई अझ प्रतिस्पर्धी, प्रभावकारी र नाफामूलक बनाउने लक्ष्यका साथ आगामी अवधिमा आफ्ना व्यावसायिक गतिविधिहरू सञ्चालन गर्न प्रतिबद्ध रहेको छ ।

३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिमा कम्पनीले करारको यथावत् परिपालना तथा करारबमोजिम उपयुक्त आदेश जारी गरिपाऊँ भन्ने विषयमा नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय विरुद्धको मुद्दामा जिल्ला अदालतबाट भएको फैसला उपर चित्त नबुझी सम्मानित उच्च अदालत पाटनमा पुनरावेदन-पत्र दायर गरेकोमा सो मुद्दामा सम्मानित उच्च अदालत पाटनबाट कम्पनीको पक्षमा फैसला भएको छ ।

समीक्षा अवधिमा कम्पनीविरुद्ध कुनै किसिमको मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित कानून, नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराधसंग सम्बन्धीत कुनै पनि मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा देखिने उतार चढाव खुल्ला बजार प्रणालीद्वारा निर्धारण हुने मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयर कारोबार सम्बन्धी विषयमा कम्पनी व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८२/८३ को आषाढ मसान्त २०८३ मा समाप्त भएको चौथो त्रैमासिक अवधिमा, **प्रति शेयर रु. १०** अंकित मूल्य भएका कम्पनीका शेयरहरुको **अधिकतम, न्यूनतम, अन्तिम कारोबार मूल्य,** साथै **कुल कारोबार भएको कूल दिनहरु तथा कारोबार संख्या** निम्नानुसार रहेको छः–

त्रैमासिक आ.व. २०८२/८३ (२०२५/२६)	शेयरको कारोबार – मूल्य (रु.)			कुल शेयरको कारोबार – दिन र संख्या		
	अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कूल दिन	कारोबार संख्या	कुल कारोबार शेयर संख्या
चौथो त्रैमासिक (२०८३ आषाढ मसान्त)	५३५.००	४७४.४०	४८९.५०	६४	५,४७४	१६,५१,७०७

५. समस्या तथा चुनौती

(क) समस्या तथा चुनौतीहरु:

आन्तरिक चुनौतीहरू:

(१) कम्पनीमा हाल कुनै आन्तरिक समस्या वा अवरोधहरू देखिएका छैनन् ।

बाह्य चुनौतीहरू:

(२) विश्वव्यापी रुपमा फैलिने स्वास्थ्य सम्बन्धी संक्रामक रोगहरु (जस्तै भाईरस) बाट पर्ने व्यावसायीक प्रतिकूल प्रभावहरु ।

(३) अप्रत्याशित रूपमा घट्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमहरूले पर्यटन गतिविधिहरूमा पार्न सक्ने प्रभाव ।

(४) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरूको अभावबाट उत्पन्न हुने नकारात्मक प्रभाव ।

(५) पर्यटकहरूको सुरक्षा, देशको आर्थिक र राजनीतिक अवस्था, आन्दोलनहरू, तथा सम्बन्धित पर्यटन श्रोत मुलुकहरूबाट जारी गरिने यात्रा प्रतिबन्ध निर्देशहरूबाट व्यवसायमा पर्ने असरहरू ।

(६) विदेशी विनिमय दर जस्तै अमेरिकी डलर र युरो आदीमा हुने अप्रत्याशित उतार चढाव ।

(७) ऊर्जा, विद्युत, इन्धन, उपभोग्य तथा औद्योगिक वस्तुहरूमा हुने अप्रत्याशित मूल्यवृद्धिले व्यवसायमा पार्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरु ।

(८) दक्ष जनशक्ति, मानव संसाधन तथा श्रमसम्बन्धी समस्याहरूबाट व्यवसायमा पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरू ।

(९) नयाँ होटेलहरूको व्यवसायिक सञ्चालन पछि देखिएका वा भविष्यमा देखिन सक्ने होटेल कोठाहरूको आपूर्तिमा वृद्धि र पर्यटन वजारमा आएको माग-आपूर्तिको असन्तुलन ।

(१०) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, बन्द-हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी, सर्वसद्दलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव, तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा कमीबाट व्यवसायमा पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरू ।

(११) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरू, प्राकृतिक तथा दैवी विपद् (भूकम्प, बाढी, पहिरो आदि) बाट व्यवसायमा पर्ने प्रभावहरू ।

(ख) रणनीति

प्राकृतिक विपद्, महामारी तथा अन्य दैवी प्रकोपका कारण उत्पन्न हुन सक्ने अप्रत्याशित र अनिश्चित प्रतिकूल परिस्थितिहरूको सामना तथा जोखिम न्यूनीकरण गर्न, सरकारले समय-समयमा जारी गर्ने वैधानिक तथा प्रतिबन्धात्मक उपायहरूको पूर्ण पालना गर्दै, पर्यटन क्षेत्रमा पर्न सक्ने प्रतिकूल प्रभावहरूलाई न्यूनतममा सीमित राख्ने उद्देश्यले होटेल सञ्चालन सम्बन्धी व्यावसायिक गतिविधिहरू निरन्तर सञ्चालन गर्ने रणनीतिक कार्ययोजनाको तर्जुमा गरिएको छ ।

उक्त कार्ययोजना अन्तर्गत, प्रतिकूल परिस्थितिमा समेत होटेलको पूर्वाधार संरचना, सेवा-सुविधा तथा सञ्चालन प्रणालीहरू पूर्ण रूपमा क्रियाशील राख्दै, व्यवसायको निरन्तरता र स्थायित्व सुनिश्चित गर्न उच्चस्तरीय कार्यकुशलता र रणनीतिक व्यवस्थापन अवलम्बन गर्ने नीति रहेको छ ।

यसैगरी, सञ्चालन खर्च न्यूनीकरण गर्ने उद्देश्यले अपनाउनुपर्ने सबै व्यावसायिक, रणनीतिक तथा नीतिगत उपायहरूलाई पूर्ण क्षमतामा कार्यान्वयन गर्दै कम्पनीका उपलब्ध सबै साधन श्रोत र संयन्त्रहरूको समुचित र दक्षतापूर्वक सदुपयोग गरिएको छ । होटेल सञ्चालन तथा व्यवस्थापनलाई न्यूनतम लागतमा प्रभावकारी रूपमा सञ्चालन गर्ने, मानव संसाधन सँग सम्बन्धित खर्चहरूमा मितव्ययिता अपनाउने, साथै अनावश्यक तथा गैर उत्पादक खर्चहरू कटौती गर्ने नीति कडाईका साथ लागू गर्ने गरिएको छ ।

यसरी, प्रतिकूल परिस्थितिलाई समेत अनुकूल व्यावसायिक अवसरमा रूपान्तरण गर्दै, होटेलको आय आर्जन क्षमता अभिवृद्धि गर्ने कार्ययोजनालाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने तर्फ व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

६. संस्थागत सुशासन

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण

(१) कम्पनीको लेखापरीक्षण समितिले वार्षिक वैधानिक लेखापरीक्षण प्रतिवेदन लगायत स्वतन्त्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन, तथा व्यवस्थापकीय प्रतिवेदनहरूको त्रैमासिक रुपमा पुनरावलोकन र समीक्षा गरी व्यवस्थापनलाई आवश्यक सल्लाह, सुझाव र सिफारिसहरू प्रदान गर्ने गर्दछ । साथै, स्वतन्त्र आन्तरिक लेखापरीक्षण तथा वार्षिक वैधानिक लेखापरीक्षण प्रतिवेदनहरुमा औल्याईएका अवलोकन र सिफारिसहरु कार्यान्वयन भए नभएको प्रतिवेदन स्वतन्त्र आन्तरिक लेखापरीक्षकद्वारा लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ । लेखापरीक्षण समितिले सञ्चालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ तथा सोहि प्रतिवेदनका आधारमा सञ्चालक समितिले व्यवस्थापनलाई आवश्यक निर्देशन तथा मार्गदर्शन प्रदान गर्ने गर्दछ ।

(२) कम्पनीले आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत, कम्पनी तथा होटेलको आन्तरिक लेखापरीक्षणको व्यवस्था गरेको छ ।

(३) कम्पनीको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षक, स्वतन्त्र चार्टर्ड एकाउन्टेण्टस् द्वारा गरिन्छ, जसले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन कम्पनीको लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ । लेखापरीक्षण समितिले सो सम्बन्धमा सञ्चालक समिति समक्ष निर्यामत रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ ।

(४) कम्पनीले नियमनकारी निकायहरूद्वारा जारी गरिएका नियम, विनियम, निर्देशनहरू तथा अन्य प्रचलित ऐन र कानुनहरू अनुसार पालना गर्नपर्ने मापदण्डहरूको पूर्ण रुपमा पालना गर्ने गर्दछ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुंचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसूची १

SOALTEE HOTEL LIMITED
UNAUDITED FINANCIAL RESULTS
AT THE END OF 32 ASHADH 2083 (16 JULY 2026), THE FOURTH QUARTER OF THE FISCAL YEAR 2082/83 (2025/26)

| PARTICULARS | UP TO THIS QUARTER ENDING ON 32 ASHADH 2083 (UNAUDITED) | UP TO QUARTER ENDING ON 30 CHAITRA 2082 (UNAUDITED) | CORRESPONDING PREVIOUS YEAR QUARTER ENDING ON 32 ASHADH 2082 (AUDITED) |